यदि मानिसहरूलाई उनीहरूको दाबीको आधारमा दिइयो भने कतिपयले जनताको सम्पत्ति र रगतको दाबी गर्नेछन् । तसर्थ, दाबी गर्नेले प्रमाण दिनुपर्छ र अस्वीकार गर्नेले कसम खानुपर्छ ।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यदि मानिसहरूलाई उनीहरूको दाबीको आधारमा दिइयो भने कतिपयले जनताको सम्पत्ति र रगतको दाबी गर्नेछन् । तसर्थ, दाबी गर्नेले प्रमाण
दिनुपर्छ र अस्वीकार गर्नेले कसम खानुपर्छ ।" [رواه البيهقي] [सही[

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, यदि मानिसहरूलाई बिना प्रमाण तिनीहरूको दावीको आधारमा मात्र क्षतिपूर्ति दिइने हो भने मानिसहरूले जनताको सम्पत्ति र रगतको दाबीसमेत गर्नेछन् । त्यसैले दावीकर्ताले आफूले माग गरेको कुराको प्रमाण उपलब्ध गराउनुपर्छ । यदि उनीसँग प्रमाण छैन भने मुद्दा प्रतिवादी समक्ष पेश गरिनेछ र यदि उसले अस्वीकार गर्यो भने शपथ खाई निर्दोष हुनुपर्दछ ।

https://sunnah.global/hadeeth/ne/show/4722